मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

कलैया, बारा

फोन नं.: ०५३□५५००१७
फ्याक्स नं.: ०५३□५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

## धानको उन्नत बीउ आपुर्तिका लागि सूचिकृत हुने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०।१०।२१)

यस कार्यालयको चालु आ.ब. २०८०।८१ को बार्षिक स्वीकृत **"मूल्य श्रृखंलामा आधारित दुई बाली धान उत्पादन कार्यक्रम तथा धान ब्लक कार्यक्रम"** रहेकोमा भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश (मा. मन्त्रीस्तरीय) निर्णयानुसार लागु भएको मूल्य श्रृखंलामा आधारित दुई बाली धान उत्पादन कार्यक्रम सम्बन्धि प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७९ तथा प्रधानमन्त्री कृषि आधुनिकिकरणपरियोजना, परियोजना कार्यान्वयन म्यानुवल, २०७७ बमोजिम सो कार्यक्रम अन्तर्गत चैते धानको उन्नत बीउ (हर्दिनाथ १) खरिदमा अनुदान दिने प्रयोजनका लागि योग्यता पुगेका ईजाजत प्राप्त संस्था, फर्म तथा कम्पनीबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजपत्र सहित मिति २०८०।११।०६ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ। रीतपुर्वक समयभित्र प्राप्त शिल्बन्दि प्रस्ताव सोही दिन (२०८०।१०।०६) दिनको २:०० बजे आपुर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहवरमा शिल्बन्दि प्रस्ताव खोलिनेछ। आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दि प्रस्ताव खोल्न बाधा पर्ने छैन।

आवश्यक कागजात तथा शर्तहरु

१. उन्नत बीउ उत्पादन तथा बिक्री वितरण गर्न अनुमतीपत्र प्राप्त गरेको इच्छुक संस्था/फार्म/कम्पनीले मात्र शिलबन्दि प्रस्ताव पेश गर्न सक्नेछन्। आपुर्तिकर्ताले बिउ उत्पादन तथा बिक्री वितरणका लागि ईजाजतपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्न पर्नेछ।

२. योग्यता पुगेका ईजाजत प्राप्त संस्था, फर्म तथा कम्पनीले दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, फर्म नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनि भएमा कम्पनि रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने, PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, पछिल्लो आ.ब. कों कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्ने छ।

३. पछिल्लो दुई आ.ब. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी।

४. वीउ आपुर्तिकर्ताले आपूर्ति गर्न सक्ने बीउको परिमाणको प्रस्तावित रकमको ५ % बराबरको ६ महिना सम्म म्याद भएको बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस कार्यालयको कार्यालय कोड नं. ३१२०१२१०१२ तथा रा.बा.बैंक, कलैया (बारा) को धरौटी खाता नं. १२६०१००२०२०३०००० मा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ ।

५. आपुर्ती गरिने बीउको हरेक लटको आधिकारिक प्रयोशालाबाट जारि भएको प्रयोगशाला परिक्षण (Germination, Purity, and Moisture) रिपोर्ट समेत पेश गर्नुपर्ने छ।

६. आपुर्तिकर्ताले आपुर्ति गर्ने चैते धान लागि हर्दिनाथ १ बीउ उत्पादनका लागि अघिल्लो पुस्ताको बीउ खरिद गरेको बिल बिजकको प्रतिलीपि समेत अनिवार्य पेश गर्नुपर्नेछ।

७. आपुर्तिकर्ताले नेपाल सरकार राष्ट्रिय बीउ बिजन समितिबाट तोकिए बमोजिमको मापदण्ड एवं न्यून्तम गुण्स्तर पुगेको बीउ मात्र आपुर्ती गर्नुपर्ने छ।

जितेन्द्र यादव
प्रमुख (दशौं तह)

८. कृषि ज्ञान केन्द्रले आवश्यक्ता अनुसार बीउको गुणस्तरका लागि Technical Audit गर्न सक्ने छ।

९. आपुर्तिकर्ताले शिलबन्दि प्रस्ताव पेश गर्दा सम्पूर्ण खर्च समावेश गरि पेश गर्नुपर्नेछ र कृषि ज्ञान केन्द्र, बारा सम्म ढुवानी गर्नुपर्नेछ तर ढुवानी वापत थप रकम उपलब्ध गराईने छैन्।

१०. कार्यालयले सुचिकृत गरेका आपुर्तिकर्ताहरुबाट सम्बन्धित लाभग्राहीहरुले आफ्नो ईच्छा अनुसारको चैते धानका लागि हर्दिनाथ १ जातको बीउ खरिद गर्न सक्नेछन र सम्बन्धित आपुर्तिकर्ताले लाभग्राहीहरुबाट सम्पुर्ण रकम लिई मात्र चैते धानका लागि हर्दिनाथ १ बीउ उपलब्ध गराउनु पर्ने छ। साथै अनुदान वापतको रकम कार्यालयले सम्बन्धित लाभग्राहीको खातामा भुक्तानी गर्नेछ।

११. बीउको कारणले उत्पादनमा क्षति भएमा प्रचलित कानुन बमोजिमको क्षतिपुर्ति सम्बन्धित आपुर्तिकर्ताले व्यहोर्नु पर्ने छ।

१२. प्रस्ताव स्वीकृत गर्ने, नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१३. विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१४. अन्य व्योहोरा प्रचलित कानुन बमोजिम हुनेछ।

जितेन्द्र यादव
प्रमुख (दशौं तह)